# राष्ट्रिय मानव अधिकार आयोग
# National Human Rights Commission of Nepal

केन्द्रीय कार्यालय (Central Office)

हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस विज्ञप्ति

२०७६ असार ४

### मानव अधिकारको अवस्था अनुगमन गर्न द्रूत अनुगमन तथा कार्य टोली गठन

राष्ट्रिय मानव अधिकार आयोग मानव अधिकारको सम्मान, संरक्षण, संबर्द्धन र त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्न स्थापनाकालदेखि नै कृयाशील रहँदै आएको छ । हाल देशको अवस्थाको अध्ययन गर्दा व्यक्तिको जीवन, मर्यादा, स्वतन्त्रता र समानताको अधिकार संबर्द्धन र संरक्षण गर्ने दिशामा पछिल्लो समयमा चुनौतीहरू थपिँदै गएको आभाष भएको छ । देश स्वतन्त्र निर्वाचनको माध्यमबाट लोकतन्त्र र दीगो शान्तिको पथमा अघि बढिरहेको समयमा मानव अधिकारका मूल्य र मान्यताको कदर गर्दै अघि बढ्न जरूरी छ ।

देशका आमनागरिकहरू आफ्ना मौलिक हकहरूको निर्वाध उपभोगको वातावरण सिर्जना हुन सकोस् भन्ने अपेक्षामा छन् । विगत केही समय यता भएका अभिव्यक्ति स्वतन्त्रता, सामाजिक तथा साँस्कृतिक अधिकार, दण्डहीनताको स्थिति, गैरकानूनी थुना, यातना, स्वास्थ्यको अधिकार, नियोजित पुनः पक्राउका घटना, दोहोरो भीडन्त र हत्या, विष्फोटन, जबर्जस्ती चन्दा, विधिको शासन विपरितका कार्य, अत्याधिक बल प्रयोग जस्ता घटनाहरूप्रति आयोग चिन्तित छ ।

कुनै पनि अधिकार वहालीको लागि कानूनसम्मत मार्गको अबलम्बन गर्नु आमनागरिकको कर्तव्य हुन आउँदछ । अधिकार संरक्षणको विषय सरोकारवालाहरूसँगको पर्याप्त संवाद र छलफलमा केन्द्रित हुनु पर्दछ। प्रत्येक विषयमा देखिने गरेका विरोध, प्रदर्शन र बल प्रयोगको स्थितिबाट मानव अधिकार संस्कृतिको निर्माणमा थप चुनौती सिर्जना हुने आयोगको निष्कर्ष रहेको छ ।

यसै सन्दर्भमा देशभर मानव अधिकार उल्लंघनका गम्भीर घटनाहरूलाई शीघ्र अनुगमन गरी सत्य तथ्य सार्वजनिक गर्न आयोगले एक "द्रूत अनुगमन तथा कार्य टोली" (Rapid Response Team) गठन गरी अनुगमन कार्य शुरू गरेको छ । आयोगको कानून, अनुसन्धान तथा अनुगमन विभागका निर्देशकको नेतृत्वमा रहने उक्त टोलीले काठमाडौं उपत्यकालगायत देशका सम्पूर्ण भागमा घट्ने गम्भीर प्रकृतिका मानव अधिकार हनन्का विषयहरूलाई अनुगमन गरी आयोगमा तत्कालै प्रतिवेदन पेश गर्नेछ । आयोगको उक्त टोलीलाई सम्बन्धित सबै निकाय तथा सरोकारवालाहरूले आवश्यक सहयोग पुर्‍याई मानव अधिकारको संरक्षण र संबर्द्धनमा आयोगलाई साथ दिनु हुन आयोग आग्रह गर्दछ ।

वेद भट्टराई
सचिव/प्रवक्ता